# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १६ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनन्द बोसले स्वतन्त्रता संग्रामी मंगल पाण्डेलाई उहाँको जन्मजयन्तीमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नु भएको छ।

- अक्टोबर २०२३ देखि बन्द अम्बोटिया चिया कमान 21 जुलाई देखि फेरि सञ्चालनमा आउने भएको छ।

- मिरिकलाई नशा मुक्त बनाँउन आज मिरिक नगरपालिका अध्यक्ष एलबी राईको नेतृत्वमा आज एउटा सभा सम्पन्न भयो|

- पहिरोको कारण राष्ट्रिय राजमार्ग १० आज दोस्रो दिन पनि बन्द रह्यो|

- मौसम विभागले आज देखि दार्जिलिङ, कालिम्पोङ, अलीपुरद्वार, कूचबिहार र जलपाईगुडी जिल्लामा लगातार भारी वर्षाको चेतावनी जारी गरेको छ।

**राज्यपाल मंगल पाण्डे**

पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनन्द बोसले भारतको स्वतन्त्रता संग्रामका अग्रणी मंगल पाण्डेलाई उहाँको जन्मजयन्तीमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नु भयो। राज्यपालले आफ्नो सन्देशमा मंगल पाण्डेले ब्रिटिश शासनको शक्तिको शिखरमा ३४ औं बंगाल नेटिभ इन्फन्ट्रीको सिपाहीको रूपमा अत्याचारको विरुद्ध विद्रोह गर्दै आफ्नो अदम्य साहस र बलिदानको भावनाले देशभक्तिको चिंगारी प्रज्वलित गरेको बताउनु भयो।

**हिमंता-ममता**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले असममा बंगाली भाषी मुस्लिम समुदायका मानिसहरूमाथि भएको कथित भेदभावको आरोपमा असमको भारतीय जनता पार्टी सरकारको आलोचना गर्नु भएको छ। मुख्यमन्त्री ममता बनर्जीले आज सामाजिक संजाल मार्फत एक विज्ञप्ति जारी गर्दै, "बंगाली देशको दोस्रो सबैभन्दा बढी बोलिने भाषा हो र यो असममा पनि दोस्रो सबैभन्दा बढी बोलिने भाषा हो। सबै धर्म र भाषाहरूको सम्मान गर्दै शान्तिपूर्वक सहअस्तित्वको भावनामा बाँच्न चाहने नागरिकहरूलाई दुर्व्यवहार गर्नु संविधान विरुद्ध हो। असमका मुख्यमन्त्री हिमन्त विश्व शर्माले ममता बनर्जीको बयानको कडा प्रतिवाद गर्दै भन्नु भयो उहाँको सरकार सीमापारबाट मुस्लिम घुसपैठको विरुद्धमा दृढतापूर्वक उभिएको छ जसले जनसांख्यिकीय सन्तुलनलाई गम्भीर रूपमा बाधा पुऱ्याएको छ।

**अम्बोटिया पुनः सञ्चालन**

अन्ततः अम्बोटिया चिया कमान पुनः सञ्चालनमा आउने भएको छ। हिज श्रमिक भवनमा 6 वटा ट्रेड युनियनका प्रतिनिधि अनि अम्बोटिया चिया कमान प्रबन्धनबीच बैठक बसेको थियो। यस बैठकमा वेतन र बोनस सहितका महत्वपूर्ण मुद्दाहरूमा विस्तृत छलफलपछि, अम्बोटिया चियाकमान 21 जुलाई देखि फेरि सञ्चालनमा आउने भएको छ। बैठकमा चर्चा अनि विमर्श पछि मुख्य सर्तहरू सहित कमान पुनः सञ्चालन हुने निर्णय लिइएको हिल तराई डुवर्स प्लानटेसन् वर्कर्स युनियनका नेता जेबी तामाङले

बताउनु भएको छ। शर्तअनुसार कमान सञ्चालन सुरु भएको 15 दिनभित्र नै लगभग 36 लाख रुपियाँ बकाया वेतन श्रमिकहरूलाई दिइनेछ। 2023 सालको बोनस लगभग 65 लाख रुपियाँ, 2025 को दुर्गापूजा अघि आवश्यक कागजात प्रक्रिया पूरा गरी श्रमिकलाई दिइनेछ। हिल तराई डुवर्स प्लानटेसन् वर्कर्स युनियनका नेता जेबी तामाङले बताए अनुसार नयाँ व्यवस्थापनले वर्तमान वेतन नियमित रूपमा दिने र अगाडि पनि नोभेम्बर/दिसम्बर 2025 मा 5 लाख रुपियाँको किस्ता, त्यसपछि 2026 को अप्रेलदेखि 4 लाख रुपियाँ मासिक किस्तामा तिर्ने योजना बनाएको छ। बैठकमा गरिएको सम्झौता अनुसार कमान फेरि खुलेपछि अम्बोटिया फ्याक्ट्रीमा चिया उत्पादन पनि सुरु हुनेछ। त्यसका लागि पावर बिजुली कम्पनीलाई अनुरोध गरिनेछ। साथै, बजार व्यवस्थापनका लागि आवश्यक अर्ग्यानिक प्रमाणपत्र फेरि जारी गर्दै आईएमओ इन्डिया प्रा. लि.ले सहयोग गर्नेछ। सम्झौतामा नसमेटिएका केही मुद्दाहरू कमान सञ्चालन सुरु भएको एक महिनापछि कमान स्तरमै छलफल गरिने पनि बताइएको छ। ट्रेड युनियन तथा प्रबन्धनले अम्बोटिया चिया कमानको समग्र विकासका लागि सहकार्य गर्ने र उद्योग शान्ति कायम गर्ने कुरामा सहमति जनाएका छन्। उल्लेखनीय छ, 10 अक्टोबर 2023 देखि अम्बोटिया चिया कमान बन्द थियो। तत्कालीन कमानको प्रबन्धन लेमनग्रास कम्पनी, सिलगढीले गर्ने गर्थ्यो भने अब कमानको नयाँ प्रबन्धन अम्बोटिया चिया कम्पनी, कोलकाताले लिएको छ।

**सामाजिक संजाल दुरुपयोग**

दार्जिलिंग जिल्ला अन्तर्गत लोअर किजोमवासी एक ३० वर्षीय व्यक्तिलाई जिल्ला अदालतले १० वर्षको सश्रम दण्ड सुनाएको छ। सामाजिक संजालको दुरुपयोग गर्दै बिहे गर्ने प्रलोभन देखाएर आरोपीले शारिरिक सम्बन्ध बनाएको अभियोग प्रमाणित भएपछि यो सजायसँगै नगद ५० हजार जरिमाना तोकिएको पीपी प्रणय राईले जनाएका छन्। सामाजिक संजालको दुरुपयोगबारे युवा समाज सतर्क हुनपर्ने पीपी राईले अपील गर्नु भएको छ भने औपचारिकतापछि पीडितालाई डाल्सामार्फत क्षतिपुर्ति प्रदान गरिने पनि उहाँले थप बताउनु भएको छ।

**साहित्य अकादेमी**

साहित्य अकादेमी नयाँ दिल्ली र शब्द साधना मञ्च पुलबजारको संयुक्त आयोजनामा लेखकसित भेटघाट कार्यक्रम सम्पन्न भएको छ । मञ्चका निज सभापति कवि भक्तकुमार सुब्बाको अध्यक्ष्यतामा सम्पन्न भएको कार्यक्रममा प्रमुख अतिथिको रूपमा साहित्य अकादेमी नयाँ दिल्ली , नेपाली भाषा परामर्श समितिका संयोजक शङ्करदेव ढकाल उपस्थित थिए| बिशिस्ट अतिथिहरूमा साहित्य अकादेमी नयाँ दिल्ली, नेपाली भाषा परामर्श समिति सदस्या डा० आशा मुखिया लामा, बरिष्ठ साहित्यकार एम० पथिक लगायतका अन्य बिशिस्ट अतिथिगण, साहित्य अनुरागी साथै विद्यार्थीगणको बिशेष उपस्थिति रहेको थियो।

**नशामुक्त मिरिक**

मिरिकलाई नशा मुक्त बनाँउन आज मिरिक नगरपालिका अध्यक्ष एलबी राईको नेतृत्वमा मिरिकका विभिन्न संघ संस्थाहरूलाई सहभागी गराई एउटा सभा गरियो। यस सभामा मिरिकमा नशालु पदार्थको विक्री,वितरण अनि सेवनमा रोक लगाँउने प्रस्ताव ग्रहण गर्दै उक्त विषयमा सक्रिय कार्य गर्न अगस्त महिनामा एउटा कमिटि गठन गरिने मिरिक नगरपालिका अध्यक्ष एलबी राईले बताउनु भएको छ।

**राष्ट्रिय राजमार्ग 10**

आज पनि राष्ट्रिय राजमार्ग 10 बन्द नै रहेको छ भने रोड खोलाउने कार्य युध्द स्तरमा चलिरहेको जानकारी प्राप्त भएको छ। आज बेलुकासम्म राष्ट्रिय राजमार्ग 10 खोलिन सक्ने सम्भावना रहेको बताइएको छ। हिजो बिहान लगभग 11 बजेर 30 तिर तिर पैह्रो गए पछि राष्ट्रिय राजमार्ग 10 बन्द भएको थियो। तथापि बाटो खुलाउने प्रयास जारी रहेको छ। राष्ट्रिय राजमार्ग १० बन्द भएपछि चालकहरु सडकमा नै सुत्न बाध्य बनेका थिए। सानो गाडीहरु वैकल्पी मार्ग भएर यातायात गरिरहेका छन् भने ठूला गाडीहरु भने राष्ट्रिय राजमार्ग 10 खोलिने आशामा रहेका छन्।

**बंगलादेशी पक्राउ**

भारत-नेपाल सीमान्त क्षेत्रसँगै सिलगढीबाट पनि बारम्बार बंगलादेशी नागरिकहरू पक्रा पर्ने क्रम जारी छ। यसैबीच भारत-नेपाल सीमा पानीट्याङ्कीबाट एकपल्ट फेरि एक बंगालदेशी नागरिक पक्रा परेको छ। भारत-नेपाल सीमामा तैनाथ 41औं बटालियन सशस्त्र सीमा बल (एसएसबी) को 'सी' कम्पनीको सीमा सूचना टोली (बीआईटी) ले हिज राति लगभग 10 बजीतिर एक संदिग्ध बंगलादेशी नागरिकलाई पक्राउ गरेको हो। पक्रा पर्ने व्यक्ति बंगलादेशको श्यामपुर, ढाका साउथ सिटी कर्पोरेशन निवासी रहेको बताइएको छ। पक्रा परेका व्यक्तिबाट एक बांग्लादेशी पहीचान पत्र, एक बांग्लादेशी पासपोर्ट, दुईवटा मोबाइल बरामद गरिएको बताइएको छ। पक्रा परेका बंगलादेशी नागरिकसँग सोधपुछ गर्दा उसले आफू ढाकाबाट काठमाडौं हवाई मार्ग भएर नेपाल अनि त्यहाँबाट अवैध रूपमा भारत प्रवेश गरेको स्वीकार गरेका छन्| यस अघि पनि अभियुक्त 2024 मा भारत आएका थिए अनि कोलकाता र आसाममा लगभग चार महिना बसेका थिए। अभियुक्तलाई अघिल्लो कार्वाहीको लागि खोरीबारी पुलिसलाई सुम्पिएको बताइएको छ।

## प्लास्टिक फोहर व्यवस्थापन युनिट

जोरबङलो सुकेपोखरी खण्ड विकासको प्लुङदुड ग्राम पन्चायत क्षेत्रमा स्वच्छ भारत अभियान ग्रामिण अन्तर्गत नव निर्मित प्लास्टिक फोहर व्यवस्थापन युनिट (पि डब्लु एम)को आज उद्घाटन गरिएको छ। विभिन्न ग्राम क्षेत्रबाट संग्रह गरिएको प्लास्टिक वेस्टलाई यस युनिटमा प्रोसेस गरे पश्चात रिसाइकल गरेर प्रयोगमा ल्याइने छन्। उक्त युनिटको आज एक कार्यक्रम बिच दार्जिलिडको जिल्लापाल डाक्टर प्रीति गोयलको बाहुलीबाट उद्घाटन गरियो। कार्यक्रमको दोस्रो चरणमा प्लुङदुङ ग्राम पन्चायतको कार्यलयको परिभ्रमण गरेर मोडल बाङला सहायता केन्द्र(बि एस के) को उद्घाटन गरियो। जिल्लापालले ग्राम पन्चायत क्षेत्रका कृषकहरूलाई कोलो दालको बिउ बितरण गर्नु भयो|

## सेल्फी प्वाइन्ट उद्घाटन

वन विभाग, दार्जिलिङ वन क्षेत्र अन्तर्गत घुम सिमाना रेन्ज कार्यालयको आयोजनामा आज लेप्चाजगतमा "आई लभ लेप्चाजगत" सेल्फी प्वाइन्टको उद्घाटन कार्यक्रम तथा बन महोत्सव २०२५ अन्तर्गत वृक्षारोपण कार्यक्रम भव्य रूपमा सम्पन्न गरियो।यो सेल्फी प्वाइन्टको उद्घाटन अतिरिक्त वन क्षेत्र अधिकारी (ऐडिएफओ) शुभोजित देवनाथ, खण्ड विकास अधिकारी अर्घ्य गुह द्वारा गरियो। यस अवसरमा संयुक्त वन व्यवस्थापन समिति (JFMC), वन अधिकार समिति (FRC), होमस्टे सञ्चालकहरू तथा स्थानिय बासिन्दाहरूको उत्साहजनक उपस्थिति रहेको थियो। वृक्षारोपण कार्यक्रमको उद्देश्य पर्यावरणीय सन्तुलन कायम गर्नुका साथै लेप्चाजगत जस्तो पर्यावरणीय रूपमा संवेदनशील क्षेत्रमा हरियाली वृद्धि गर्नु रहेको थियो।

## मौसम

बंगालमा फेरि एकपल्ट मौसमी प्रणालीको असर देखिन थालेको छ। मौसम विभागले आज देखि दार्जिलिङ, कालिम्पोङ, अलीपुरद्वार, कूचबिहार र जलपाईगुडी जिल्लामा लगातार भारी वर्षाको चेतावनी जारी गरेको छ। भोलि कालिम्पोङ, अलीपुरद्वार र जलपाईगुडीमा अति भारी वर्षा हुने सम्भावना छ भने कूचबिहार र उत्तर दिनाजपुरमा पनि भारी वर्षा हुन सक्नेछ। सोमबार पनि यी जिल्लाहरूमा भारी वर्षा जारी रहनेछ। मंगलबार हल्कादेखि मध्यम वर्षा र मेघगर्जनको सम्भावना छ। बुधबारदेखि फेरि उत्तर बंगालका पहाडी क्षेत्रमा भारी वर्षाको चेतावनी दिइएको छ। मौसमको यो परिवर्तनले दक्षिण बंगालमा पनि केही असर गर्नेछ तर त्यहाँ धैरैजसो स्थानहरुमा हल्का वर्षा हुने अनुमान गरिएको छ।

****** ० ******